**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय :
**बिहान ६:३० बजे**



**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क १६१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असार १२ गते शुक्रबार ❑ 26 June 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## कास्कीको स्थानीयतहको बजेट नौ अर्ब ७१ करोड

पोखरापत्र संवाददाता
पोखरा, ११ असार

जिल्लाका पाँचवटै स्थानीय तहले निर्धारित समय असार १० गतेभित्र वार्षिक नीति कार्यक्रम तथा बजेट सार्वजनिक गरेका छन् ।

आगामी आर्थिक वर्ष २०८३/८४ का लागि पोखरा महानगरपालिका र मादी, माछापुच्छ्रे, अन्नपूर्ण र रुपासहित चार गाउँपालिकाले कूल रु नौ अर्ब ७१ करोड ७२ लाख २१ हजारको बजेट सार्वजनिक गरेका हुन् । कृषि, पर्यटन, पूर्वाधार विकास र रोजगारी सिर्जनालाई बजेटमा प्राथमिकता दिइएको छ । भौगोलिक रुपमा देशकै सवैभन्दा ठूलो रहेको पोखरा महानगरपालिकाले आगामी वर्षका लागि रु सात अर्ब १५ करोड २५ लाख बजेट ल्याएको छ । चालु आवको तुलनामा महानगरको बजेट करिब रु एक अर्ब २० करोड हाराहारीले घटेको छ ।

महानगरको बजेटका स्रोतहरुमा सङ्घीय सरकार सशर्त अनुदानबाट रु दुई अर्ब ६१ करोड ९१ लाख, विशेष अनुदान रु पाँच करोड ५० लाख, समपूरक अनुदान रु एक करोड ८२ लाख र सङ्घीय सरकार समानिकरण अनुदान रु ४९ करोड ३७ लाख रहेको छ । यसैगरी, गण्डकी प्रदेश सरकार समपूरक अनुदानतर्फ रु ६० लाख, विशेष अनुदान र ४० लाख र समानिकरण अनुदान रु आठ करोड १५ लाख ३६ हजार अनुमान गरिएको उपप्रमुख मञ्जुदेवी गुरुङले जानकारी दिनुभयो ।

राजस्व बाँडफाँटबापत सङ्घीय सरकारबाट रु ३४ करोड ३४ लाख ७३ हजार, गण्डकी प्रदेश सरकारबाट रु चार करोड नौ लाख ८६ हजार, राजस्व बाँडफाँट स्थानीय सरकारतर्फ रु एक अर्ब ३१ लाख १४ हजार र आन्तरिक स्रोततर्फ रु दुई अर्ब ४८ करोड ७३ लाख ९१ हजार गरी कूल आन्तरिक आय रु तीन अर्ब ८७ करोड ४९ लाख ६४ हजार अनुमान गरिएको छ ।

महानगरले पूर्वाधार निर्माण, फोहरमैला व्यवस्थापन, शिक्षा, स्वास्थ्य, कृषि तथा पर्यटन क्षेत्रलाई प्राथमिकतामा राखेको छ । स्मार्टसिटी अवधारणाअनुसार डिजिटल सेवा विस्तार, सडक स्तरोन्नति, ताल संरक्षण, उद्यमशीलता प्रवर्द्धन तथा रोजगार मूलक कार्यक्रम सञ्चालन गरिने उपप्रमुख गुरुङले बताउनुभयो ।

अन्नपूर्ण गाउँपालिकाले आगामी वर्षका लागि रु ६५ करोड ५० लाख बजेट ल्याएको छ । 'कृषि, पर्यटन, ऊर्जा र पूर्वाधारः अन्नपूर्ण समृद्धिको आधार' भन्ने दीर्घकालीन सोचलाई आत्मसात् गर्दै गाउँपालिकाले कृषि उत्पादन र उत्पादकत्व वृद्धि, युवा उद्यमशीलता, पर्यटन पूर्वाधार निर्माण तथा डिजिटल सेवा विस्तारलाई प्राथमिकतामा राखेको उपाध्यक्ष चन्द्रकला अधिकारीले बताउनुभयो।गाउँपालिकाले कृषिमा आत्मनिर्भरता हासिल गर्दै उत्पादनलाई निर्यातमुखी बनाउने, युवालाई उद्यमशीलतामा आकर्षित गर्ने, ई-गभर्नेन्स र अनलाइन सेवा विस्तार गर्ने तथा आन्तरिक र बाह्य पर्यटक भित्र्याउने कार्यक्रम अघि सारेको छ । साथै 'आफ्नो टोल-वडा, हामी आफैं बनाऔँ' अभियानमार्फत स्थानीय सहभागितामा विकासलाई तीव्रता दिने लक्ष्य लिएको छ । माछापुच्छ्रे गाउँपालिकाले रु ७० करोड ४६ लाख ७० हजारको बजेट सार्वजनिक गरेको छ । गाउँपालिकाले पर्यटनलाई आर्थिक समृद्धिको प्रमुख आधारका रूपमा अघि बढाएको छ । विभिन्न पर्यटकीय पदमार्ग निर्माण, पर्यटकीय गन्तव्यमा सूचना प्रणाली विकास, पर्यटन आपत्कालीन खोज तथा उद्धार जनशक्ति उत्पादन, पदमार्ग स्तरोन्नति तथा धार्मिक-सांस्कृतिक स्थलको संरक्षणलाई विशेष महत्व दिइएको उपाध्यक्ष सीता अधिकारीले बताउनुभयो ।

यसैगरी कृषितर्फ उन्नत बीउबिजन, निर्यातमुखी बाली, जलवायुमैत्री कृषि तथा रैथाने बाली संरक्षण कार्यक्रम सञ्चालन गरिने भएको छ । पशु स्वास्थ्य, जैविक सुरक्षा तथा कृषक प्रोत्साहन कार्यक्रमलाई समेत बजेटमा समेटिएको छ । मादी गाउँपालिकाले आगामी आवका लागि रु ६५ करोड १२ लाख ५१ हजार बजेट ल्याएको छ । गाउँपालिकाले ग्रामीण सडक सुदृढीकरण, खानेपानी, सिँचाइ तथा अन्य आधारभूत पूर्वाधार निर्माणसहित कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र सुशासनलाई प्राथमिकतामा राखिएको छ । प्रस्तावित बजेटमध्ये पुँजीगततर्फ रु १८ करोड १४ लाख ९० हजार र चालुतर्फ रु ४६ करोड ९७ लाख ६१ हजार विनियोजन गरिएको छ। बजेटले 'समृद्ध र आत्मनिर्भर मादी' निर्माणको लक्ष्यलाई केन्द्रमा राख्दै स्थानीय स्रोतसाधनको अधिकतम उपयोग गर्ने नीति लिएको छ ।

बाँकी अन्तिम पृष्ठमा ▶▶

## गण्डकी र बागमतीका प्रदेश प्रमुखबीच पोखरामा भेटवार्ता

पोखरापत्र संवाददाता
पोखरा, ११ असार



गण्डकी प्रदेश र बागमती प्रदेशका प्रदेश प्रमुखबीच भेटवार्ता भएको छ ।

गण्डकी प्रदेश प्रमुख डिल्लीराज भट्ट र बागमती प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाबीच बिहीबार पोखरास्थित प्रदेश प्रमुख निवासमा भेटवार्ता भएको हो ।

अन्तर प्रदेश भ्रमणका क्रममा गण्डकी आइपुग्नुभएका बागमती प्रदेश प्रमुख देवकोटा र उहाँकी धर्मपत्नीलाई भट्टले निवासमा स्वागत गर्नुभयो । भेटमा मुलुकको राजधानी अवस्थित प्रदेश र पर्यटकीय राजधानी पोखरा रहेको प्रदेशबीच थप सम्बन्ध प्रगाढ बनाउँदै सहयोग र सहकार्य गर्नुपर्नेमा जोड दिइएको छ । प्रदेश प्रमुखद्वयले आ-आफ्नो प्रदेशको वस्तुस्थिति र त्यहाँ भइरहेका गतिविधिबारे अनुभव साझा गर्नुभएको थियो । प्रदेश-प्रदेशबीच भएका राम्रा कामहरूको अनुसरण गर्ने, प्रदेश कार्यालयमा भए गरेका काम र अनुभवहरू साटासाट गर्ने विषयमा छलफल भएको गण्डकी प्रदेश प्रमुख सचिवालयले जनाएको छ ।

प्रदेश प्रमुखद्वयले प्रदेशको संस्थागत विकास र मर्यादा बढाउन संविधान कार्यान्वयन गर्दै अगाडि बढ्न आवश्यक रहेकामा जोड दिनुभएको थियो । स्वागत कार्यक्रममा गण्डकी प्रदेश प्रमुख कार्यालयका सचिव विजय राना, प्रदेश प्रमुखका प्रमुख स्वकीय सचिव रञ्जन अधिकारी, कार्यालयका उपसचिवद्वय रामेश्वर अर्याल र प्रविण पौडेल, लेखा अधिकृत युवराज पौडेल, बागमती प्रदेश प्रमुख कार्यालयका स्वकीय सचिव थानेश्वर न्यौपाने लगायतको उपस्थिति रहेको थियो । उक्त अवसरमा बागमती प्रदेश प्रमुख देवकोटाले गण्डकी प्रदेश प्रमुख भट्टलाई आफ्नो प्रदेशमा भ्रमणका लागि निमन्त्रणा पनि गर्नुभयो भने गण्डकी प्रदेश प्रमुख भट्टले गण्डकी प्रदेशका प्रमुख पर्यटकीय गन्तव्यको तस्वीर समेटिएको फ्रेमसहितको मायाको चिनो प्रदान गर्नुभयो ।

## तनहुँ-कास्कीबीच सुरक्षा समन्वय सुदृढ गर्ने निर्णय

पोखरापत्र संवाददाता
दमौली, ११ असार

तनहुँ र कास्की जिल्लाका जिल्ला सुरक्षा समितिका पदाधिकारीहरूको सहभागितामा अन्तर जिल्ला सुरक्षा समन्वय बैठक सम्पन्न भएको छ । दुई जिल्लाको साझा सुरक्षा चुनौती, अपराध नियन्त्रण तथा विपद् व्यवस्थापनका विषयमा बिहीबार सम्पन्न बैठकले समन्वय र सहकार्यलाई थप प्रभावकारी बनाउने निर्णय गरेको छ ।

बैठकमा शान्तिसुरक्षा कायम राख्ने, विभिन्न प्रकारका आपराधिक गतिविधि नियन्त्रण गर्ने, लागुऔषधको अवैध ओसार पसार तथा बेचबिखन रोक्ने, अवैध चोरी निकासी नियन्त्रण गर्ने, राजमार्ग तथा

बाँकी अन्तिम पृष्ठमा ▶▶

## फेवातालका जलपर्यटन व्यवसायमा प्रशासनको कडाइ

पोखरापत्र संवाददाता
गण्डकी, ११ असार



पोखरास्थित पर्यटकको प्रमुख आकर्षक गन्तव्यका रूपमा रहेको फेवातालमा पछिल्ला समय दुर्घटनाका घटना बढ्न थालेपछि प्रशासनले जलपर्यटनसँग सम्बन्धित गतिविधि सञ्चालनमा कडाइ गरेको छ ।

जिल्ला प्रशासन कार्यालय कास्कीले फेवातालमा सञ्चालनमा रहेका डुङ्गा, कायकिङ तथा सर्फिङ व्यवसायलाई थप व्यवस्थित र सुरक्षित बनाउन बिहीबार १९ बुँदे निर्देशन जारी गरेको हो ।

सूचनाअनुसार अब डुङ्गा, कायकिङ र सर्फिङमा सहभागी सबैले अनिवार्य रूपमा लाइफ ज्याकेट लगाउनुपर्नेछ । ज्याकेटबिना कुनै पनि जलपर्यटन गतिविधि सञ्चालन गर्न पाइने छैन । सेवा प्रदायकले गतिविधि सुरु गर्नुअघि सेवाग्राहीलाई सञ्चालन विधि, सम्भावित जोखिम, आपतकालीन अवस्था र सुरक्षाका उपायबारे पूर्वजानकारी दिनुपर्ने व्यवस्था गरिएको सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले बताउनुभयो ।

यसैगरी, प्रशासनले कास्कीमा दिउँसोपछि हावाहुरी, चट्याङ र वर्षाको जोखिम बढेको भन्दै सामान्य अवस्थामा दिउँसो २:०० बजेपछि विशेष सावधानी अपनाउन र साँझ ६:०० बजेपछि डुङ्गा, कायकिङ तथा सर्फिङजस्ता जलपर्यटन गतिविधि पूर्ण रूपमा बन्द गर्न निर्देशन दिएको छ ।

मौसम सामान्य भए पनि एक्कासी हावाहुरी चल्नसक्ने भएकाले आवश्यक परे सुरक्षा निकायसँग समन्वय गरेर मात्र सेवा सञ्चालन गर्न सूचनामार्फत भनिएको छ । जलपर्यटन गतिविधिमा देखिएको लापरबाही, दर्ता तथा बिमासम्बन्धी कमजोरी र पछिल्ला दुर्घटनाका घटनालाई ध्यानमा राख्दै प्रशासनले सुरक्षा मापदण्ड कडाइका साथ पालना गर्न निर्देशन दिएको हो ।

जलपर्यटन व्यवसाय दर्ता तथा नवीकरण नगरी सञ्चालन भएको, मूल्यसूची नराखिएको, सेवाग्राहीलाई बिल नदिएको, बिमा नगरिएको तथा असुरक्षित ढङ्गले सेवा प्रदान गरिएको गुनासो प्राप्त भएपछि अनुगमनका क्रममा देखिएका विषयलाई समेटेर सो निर्देशन जारी गरिएको सहायक प्रमुख जिल्ला अधिकारी बरालले बताउनुभयो । त्यस्तै, व्यवसायी तथा सञ्चालकले धूमपान, मद्यपान वा लागुपदार्थ सेवन गरेर सेवा सञ्चालन गर्न नपाउने तथा त्यस्तो अवस्थामा रहेका सेवाग्राहीलाई पनि सेवा दिन नपाइने प्रशासनले जनाएको छ । यसैगरी १६ वर्षभन्दा कम उमेरका बालबालिकालाई अभिभावकबिना यस्ता गतिविधिमा सहभागी गराउन नपाइने सूचनामा उल्लेख छ । दुर्घटना भए तत्काल उद्धार गर्नुपर्ने, फेवातालमा खटिएको सशस्त्र प्रहरीको रेस्क्यु टोली तथा सुरक्षा निकायलाई तत्काल जानकारी गराउनुपर्ने र घाइतेलाई नजिकको अस्पताल पुर्याई उपचारको व्यवस्था गर्नुपर्ने सूचनामा उल्लेख गरिएको छ। मौसम प्रतिकूल हुने सम्भावनालाई ध्यानमा राख्दै प्रशासनले विशेष सतर्कता अपनाउन पनि आग्रह गरेको छ । सूचनाविपरीत गतिविधि सञ्चालन गरेको पाइए प्रचलित कानुनअनुसार कारबाही गरिने चेतावनी दिँदै प्रशासनले जलपर्यटन व्यवसायी, सरोकारवाला निकाय र सेवाग्राही सबैलाई सुरक्षा सतर्कता अपनाउनसमेत अनुरोध गरेको छ ।


## छाडा पशु-चौपायाको संरक्षण गरौं

छाडा पशु-चौपायाका कारणले:

- सडक दुर्घटनाको सम्भावना बढ्छ,
- बाली तथा बोटविरुवामा क्षति पुग्छ,
- मानिस र पशु दुबैको जीवन जोखिममा पर्छ.
- जथाभावी फोहोरमैला विसर्जन हुँदा रोग फैलिन सक्छ,

त्यसैले,

- पशु-चौपायालाई घरमा व्यवस्थित तरिकाले राखौं,
- चरन क्षेत्रको व्यवस्थापन गरौ,
- सडकछेउमा पशु-चौपाया नछाडौं/छाड्न नदिऔं,
- छाडा पशु चौपायाको नियन्त्रण गरौ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**



## हार्दिक बधाई



**डा. पवन सिग्देल**

हाम्रो प्यारो छोरा *Dr Pawan Sigdel NAMS*, वीर अस्पतालबाट *Prosthodontics* विषयमा *Master of Dental Surgery (MDS)* सफलतापूर्वक उत्तीर्ण गरेकोमा हार्दिक बधाई एवम् आगामी यात्राको लागि उत्तरोत्तर प्रगतिको शुभकामना छोरा ।

**बाबा/आमा:**
**माधवप्रसाद सिग्देल**
**लक्ष्मीदेवी सिग्देल**

पोखरा-१३ काहुँखोला

# माछापुच्छ्रे र अन्नपूर्ण गाउँपालिकाको बजेटमा कृषि, पर्यटन र पूर्वाधार

**पोखरापत्र संवाददाता**
गण्डकी, ११ असार

कास्कीका अन्नपूर्ण र माछापुच्छ्रे गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट बुधबार सार्वजनिक गरेका छन् । कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, रोजगारी सिर्जना र पूर्वाधार विकासलाई प्राथमिकतामा राखेर यी दुई पालिकाले बजेट कार्यक्रम ल्याएका हुन् ।

अन्नपूर्णले रु ६५ करोड ५० लाख तथा माछापुच्छ्रेले रु ६८ करोड २७ लाखको बजेट सार्वजनिक गरेका छन् । अन्नपूर्ण गाउँपालिकाले 'कृषि, पर्यटन, ऊर्जा र पूर्वाधारः अन्नपूर्ण समृद्धिको आधार' भन्ने दीर्घकालीन लक्ष्यलाई केन्द्रमा राखेर बजेट तर्जुमा गरेको जनाएको छ ।

बजेटले कृषि उत्पादन र उत्पादकत्व वृद्धि, युवा उद्यमशीलता प्रवर्द्धन, 'डिजिटल' सेवा विस्तार, पर्यटन विकास तथा पूर्वाधार निर्माणलाई उच्च प्राथमिकता दिएको छ । पूर्वाधारतर्फ सबै वडालाई मध्यपहाडी लोकमार्गसँग जोड्ने, चक्रपथ निर्माण तथा सडक स्तरोन्नतिका लागि रु ११ करोड २६ लाख ४७ हजार विनियोजन गरिएको उपाध्यक्ष चन्द्रकला अधिकारीले बताउनुभयो । गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि रु ६० लाख छुट्याइएको छ । कृषि तथा पशु विकास क्षेत्रमा अतिरिक्त रु ७० लाख विनियोजन गरिएको छ भने दुग्ध, चल्ला तथा पशुपालनमा अनुदान कार्यक्रम सञ्चालन गरिने भएको छ । स्वास्थ्य क्षेत्रमा गाउँपालिकाभित्रका सबै नागरिकको स्वास्थ्य बीमा प्रिमियममा शत्प्रतिशत अनुदान दिने व्यवस्था गरिएको छ । यसका लागि रु ९० लाख बजेट छुट्याइएको छ । शिक्षातर्फ विद्यालय कर्मचारी र बालविकास सहजकर्ताको पारिश्रमिक, शैक्षिक सुधार कार्यक्रम तथा दिवा खाजा विस्तारका लागि बजेट विनियोजन गरिएको छ ।

यसैगरी, माछापुच्छ्रे गाउँपालिकाले 'समृद्ध गाउँपालिकाः सुखी नागरिक' भन्ने लक्ष्यसहित प्रस्तुत बजेटले शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, रोजगारी र सुशासनलाई प्राथमिकता दिएको छ । गाउँपालिकाले शिक्षा क्षेत्रअन्तर्गत कक्षा ६ देखि १२ सम्मका विद्यार्थीलाई दिवा खाजा कार्यक्रम विस्तार गर्न रु ६० लाख विनियोजन गरेको छ । अध्यक्ष कप खेलकुद प्रतियोगिता तथा युवा कार्यक्रमलाई पनि निरन्तरता दिइएको छ । स्वास्थ्य क्षेत्रमा लाहाचोक स्वास्थ्य प्रवर्द्धन केन्द्र सुदृढीकरणका लागि रु ३० लाख, पाठेघर तथा स्तन क्यान्सर परीक्षण कार्यक्रम, निःशुल्क औषधि वितरण तथा स्वास्थ्य संस्थाको स्तरोन्नतिका लागि बजेट व्यवस्था गरिएको उपाध्यक्ष सीता अधिकारीले बताउनुभयो ।

पूर्वाधारतर्फ कोलचोक-लाहाचोक-देउराली सडक स्तरोन्नतिका लागि रु चार करोड, तातोपानी सडकका लागि रु एक करोड २० लाख तथा अन्य रणनीतिक सडक आयोजनामा बजेट विनियोजन गरिएको छ । कृषि क्षेत्रअन्तर्गत मौरी पकेट क्षेत्र विकासका लागि रु १२ लाख , कृषि उत्पादन सङ्कलन केन्द्र स्थापना, साना सिँचाइ आयोजना तथा कृषि प्रयोगशाला सञ्चालनका कार्यक्रम समेटिएका छन् । गाउँपालिकाले स्थानीय जनताको सहभागितामा 'माछापुच्छ्रेको ताकत, जनताको लागत' कार्यक्रममार्फत लागत साझेदारी योजनाका लागि रु ९० लाख विनियोजन गरेको छ । कास्कीमा रहेका पाँच पालिकामध्ये पोखरा, मादी र रुपा गाउँपालिकाले भने यसअघि नै बजेट कार्यक्रम ल्याइसकेका छन् ।

## तनहुँ ...

सार्वजनिक स्थानको सुरक्षा व्यवस्थापनलगायत विषयलाई प्रभावकारी बनाउने सन्दर्भमा छलफल भएको हो ।

साथै विपद्का घटनामा दुवै जिल्लाका सुरक्षा निकायबीच सूचना आदानप्रदान, उद्धार तथा राहत व्यवस्थापनमा समन्वयात्मक ढङ्गले काम गर्ने विषयमा सहमति भएको तनहुँका प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीले जानकारी दिनुभयो ।

बैठकले अन्तर जिल्ला सीमाक्षेत्रमा हुनसक्ने आपराधिक गतिविधि नियन्त्रण, फरार अभियुक्तको खोजतलास, अवैध गतिविधिमा संलग्न व्यक्तिमाथि निगरानी तथा कारबाहीलाई थप प्रभावकारी बनाउने निर्णय गरेको छ । साथै आवश्यक सूचना तथा सूचनाका आधारमा गरिने सुरक्षा कारबाहीमा दुवै जिल्लाका सुरक्षा निकायबीच निरन्तर समन्वय कायम राख्ने निष्कर्ष निकालिएको छ ।

कास्कीका प्रमुख जिल्ला अधिकारी कुमान गुरुङले सुरक्षा चुनौती साझा विषय भएकाले सूचना आदानप्रदान र समन्वयलाई अझ सशक्त बनाउनुपर्ने बताउनुभयो । बैठकमा दुवै जिल्लाका नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना तथा राष्ट्रिय अनुसन्धान विभागका जिल्ला प्रमुखहरूको सहभागिता थियो ।

## कास्कीको ...

गाउँपालिकाले आगामी वर्ष कृषि क्षेत्रलाई विशेष प्राथमिकता दिएको छ । व्यावसायिक कृषि प्रवर्द्धन, मौरीपालन, तरकारी, फलफूल, बीउ उत्पादन, बगरखेती, रैथाने बाली संरक्षण, साना सिँचाइ आयोजना तथा आधुनिक कृषि उपकरणमा अनुदान उपलब्ध गराइने भएको छ । कृषि तथा पशुपालन प्रवर्द्धन, शिक्षा र स्वास्थ्य सेवाको गुणस्तर सुधार, सूचना प्रविधिमैत्री सेवा प्रवाह तथा विपद् व्यवस्थापनका कार्यक्रमलाई बजेटले प्राथमिकता दिएको उपाध्यक्ष कल्पना गुरुङले बताउनुभयो । यसैगरी बाँझो जमिनको उपयोग, मौरीपालन प्रवर्द्धन, आधुनिक कृषि औजारमा अनुदान तथा स्थानीय रैथाने बीउ संरक्षण कार्यक्रमलाई विशेष महत्व दिइएको छ । रूपा गाउँपालिकाले रु ५५ करोड ३८ लाख एक हजार बजेट सार्वजनिक गरेको छ । गाउँपालिकाले कृषि, ऊर्जा र पर्यटनलाई आर्थिक विकासको मुख्य आधार मानेर बजेट विनियोजन गरेको उपाध्यक्ष लालसुब्बा गुरुङले बताउनुभयो ।

उहाँका अनुसार उत्पादनमा आधारित अनुदान कार्यक्रम, कृषक प्रोत्साहन, पर्यटन पूर्वाधार निर्माण, विपद् व्यवस्थापन कोष सुदृढीकरण तथा आन्तरिक राजस्व वृद्धि कार्यक्रमलाई प्राथमिकता दिइएको छ ।

फोहरमैला व्यवस्थापन, सुरक्षित नागरिक आवास कार्यक्रम, सामाजिक तथा भौतिक पूर्वाधार विस्तार र सुशासन प्रवर्द्धनका कार्यक्रम पनि बजेटमा समेटिएका छन् । जिल्लाका स्थानीय सरकारहरुले बजेटमा कृषि, पर्यटन र पूर्वाधार विकास साझा प्राथमिकतामा राखेका छन् । बजेट कार्यक्रममा युवालाई स्वरोजगार र उद्यमशीलतामा जोड्ने, डिजिटल सेवा विस्तार गर्ने, उत्पादन वृद्धि गर्ने तथा स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउने राखिएको छ ।



प्रेस रजिस्ट्रारको कार्यालय गण्डकी प्रदेशले पर्यटकीय गन्तव्यको प्रचारप्रसारका लागि स्याङ्जाको सदरमुकाममा बिहीबार आयोजना गरेको अन्तरक्रियामा मन्तव्य राख्नुहुँदै प्रेस रजिस्ट्रार विमला भण्डारी ।
तस्बिरः तोलाकान्त बगाले/रासस

# रिभानमा परिवार नियोजनको अभिमुखिकरण

**पोखरापत्र संवाददाता**
पोखरा, ११ असार




नेपाल परिवार नियोजन संघ कास्कीले यौंन तथा प्रजनन् स्वास्थ्य र परिवार नियोजनका सेवा बारे अभिमुखिकरण कार्यक्रम गरेको छ ।

कास्कीको माछापूच्छ्रे गाउँपालिका वडा नं ५ रिभानस्थित रिभान स्वास्थ्य चौकीमा आयोजित कार्यक्रममा महिला स्वास्थ्य स्वयंमसेविका र आमा समूहका अगुवाको सहभागिता रहेको थियो ।

कार्यक्रम शुभारम्भ गर्दै नेपाल परिवार नियोजन संघ कास्कीका सभापति नवीन सिग्देलले महिला र किशोरकिशोरीका लागि यौंन तथा प्रजनन् स्वास्थ्य शिक्षा अति आवश्यक रहेको बताउनुभयो ।

कार्यक्रममा नेपाल परिवार नियोजन संघ कास्कीका बरिष्ठ शाखा प्रवन्धक नव राज तिवारी, स्टार्फ नर्स अनुषा भुजेल र कर्मचारी सुरज चौधरीले सहजिकरण गर्नुभएको थियो ।

संघले कास्कीका विद्यालय तथा कलेजमा यौंन तथा प्रजनन् स्वास्थ्य शिक्षा अभियान संचालन गरिरहेको छ ।

# मुस्ताङका पाँच पालिकाले ल्याए बजेट

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ११ असार

आगामी आर्थिक वर्ष २०८३/८४ का लागि मुस्ताङका पाँच पालिकाले रु एक अर्ब ९० करोडभन्दा बढीको बजेट सार्वजनिक गरेका छन् । प्रस्तुत गरिएकोमध्ये सबैभन्दा बढी थासाङ गाउँपालिकाले रु ४३ करोड ६० लाख २२ हजार र सबैभन्दा कम लोघेकर दामोदरकुण्ड गाउँपालिकाले रु ३४ करोड १६ लाख ६४ हजार बराबरको बजेट सार्वजनिक गरेका हुन् ।

हिमाली जिल्ला मुस्ताङका पाँचै पालिकाले बुधबारसम्म गाउँसभा अधिवेशनमार्फत आगामी आर्थिक वर्षका लागि अनुमानित बजेट सार्वजनिक गरेका हुन् । मुस्ताङ सदरमुकामसमेत रहेको घरपझोङ गाउँपालिकाले आगामी आवका लागि रु ३९ करोड १४ लाख ९४ हजारको बजेट सार्वजनिक गरेको हो ।

उपाध्यक्ष जमुना थकालीद्वारा सार्वजनिक बजेटमा चालुतर्फ ६९ दशमलव ६८ प्रतिशत र पुँजीगततर्फ ३० दशमदव ३१ प्रतिशत बजेट विनियोजन भएको छ । उपल्लो मुस्ताङको लोमान्थाङ गाउँपालिकाले रु ३६ करोड ६५ लाख ११ हजारको बजेट सार्वजनिक गरेको छ । उपाध्यक्ष छ्युमी विष्टले प्रस्तुत गर्नुभएको बजेटमा चालुतर्फ ४९ दशमलव ३१ प्रतिशत र पुँजीगततर्फ ५० दशमलव ६९ प्रतिशत बजेट विनियोजन गरिएको छ । त्यस्तै, बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका उपाध्यक्ष दिकी गुरुङले रु ३७ करोड ४३ लाख बराबरको अनुमानित बजेट प्रस्तुत गर्दै चालुतर्फ ५९ दशमलव ३९ प्रतिशत र पुँजीगततर्फ ४० दशमलव ६१ प्रतिशत रकम सार्वजनिक गर्नुभयो । यसैगरी, लोघेकर दामोदरकुण्ड गाउँपालिकाले रु ३४ करोड १६ लाख ६४ हजारको बजेट सार्वजनिक गरेको छ । उपाध्यक्ष छिरिङ ल्हामो गुरुङले प्रस्तुत गर्नुभएको बजेटमा चालुतर्फ ४० प्रतिशत र पुँजीगततर्फ ६० प्रतिशत रकम विनियोजन भएको हो ।


मुस्ताङको तल्लो क्षेत्र थासाङ गाउँपालिकाले सबैभन्दा बढी रु ४३ करोड ६० लाख बढीको अनुमानित बजेट सार्वजनिक गरेको छ । उपाध्यक्ष सोमल हीराचनले प्रस्तुत गर्नुभएको बजेटमा चालु र पुँजीगततर्फ समान ५० प्रतिशत रकम विनियोजन भएको गाउँपालिकाले उल्लेख गरेको छ । मुस्ताङका पाँच स्थानीय तहले प्रस्तुत गरेका बजेटमा पर्यटन, कृषि, पूर्वाधार, शिक्षा, स्वास्थ्यलगायत क्षेत्रलाई केन्द्रमा राखिएको छ ।

# कक्षा १२ को नतिजामा त्रुटि सच्याउन माग

**रासस**
काठमाडौं, ११ असार

कक्षा १२ को नतिजा प्रकाशनमा र मूल्याङ्कनमा त्रुटि भएको भन्दै सच्याउन विद्यार्थीले माग गरेका छन् ।

काठमाडौंको माइतीघरमा 'प्ले' कार्डसहित भेला भएर उनीहरूले नतिजा पुनःमूल्याङ्कन र पुनःयोग गर्न शिक्षा तथा खेलकुद मन्त्रालयको ध्यानाकर्षण गराएका हुन् । राष्ट्रिय परीक्षा बोर्डले यही असार ५ गते कक्षा १२ को परीक्षाको नतिजा प्रकाशन गरेको थियो । यसैबीच शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले सरकारले परीक्षाफल छिटो प्रकाशन होस् भन्ने चाहे पनि हतारो नगरिएको स्पष्ट पार्दै नतिजाप्रति उठेको आवाजबारे समितिमार्फत सुनुवाइ गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।







फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु।
- जर्ज बार्वर

## सम्पादकीय

# सुकुम्बासीलाई फेरि पीडा नदेऊ

बेघरवार बनाइएका सुकुम्बासीलाई असार १२ गतेभित्र आफै कोठा खोजेर होल्डिङ सेन्टर छाड्न सरकारले अल्टिमेटम दिएको समय आज सकिदै छ। अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिको नामबाट सूचना जारी गरेर होल्डिङ सेन्टर छाड्न अल्टिमेटम दिइएको छ। वर्षादको समयमा सुकुम्बासीलाई फेरि अर्को पीडा दिएको छ। वैशाख १७ गते बोलाइएको संसद् बैठक स्थगित गरेर वैशाख १२ गते सेनासमेत परिचालन गरी सुकुम्वासी बस्तीमा डोजर चलाएको बालेन सरकारले सुकुम्वासी व्यवस्थापन कसरी हुन्छ भन्ने औपचारिक जानकारी डोजर चलाउनुअघि त दिएन नै अहिलेसम्म दिनसकेको छैन।

तर, संसद्मा भने निम्न वर्गको नागरिकको व्यवस्थापनलाई लिएर प्रधानमन्त्री बालेनले सुकुम्वासी व्यवस्थापन गर्न जति दिन लाग्छ त्यति दिन लाग्छ भन्दै मजाकजसरी अभिव्यक्ति दिएका थिए। उनले यस्तो अभिव्यक्ति दिइरहँदा होल्डिङ सेन्टरमा राखिएका सुकुम्वासीलाई अमानवीय व्यवहार गरिएको सांसदहरूले गरेको अनुगमनका क्रममा पाइएको थियो। सुकुम्वासीले आधारभूत सेवा पनि उपभोग गर्न नपाइरहेको समयमा झण्डै २०० तोला सुन घरमा राखेका प्रधानमन्त्री बालेनले भने उनीहरूको व्यवस्थापनलाई लिएर संसद्मै मजाक गरेका थिए। अहिले विस्थापित सुकुम्वासीलाई व्यवस्थापन नगरी उठिबास बनाइँदै छ। व्यवस्थापन नगरी विस्थापित गर्दा दुई सुकुम्वासीले आत्महत्या गरेका थिए। आत्महत्या गर्ने सुकुम्वासीप्रति सहानुभूतिसमेत देखाउन औचित्य नठानेको सरकारले अहिले होल्डिङ सेन्टरमा आधारभूत सेवासमेत पाउन नसकेका सुकुम्वासीको चुपचाप घाँटी न्याकिरहेको छ। सरकारको अमानवीय व्यवहार फेरि प्रकट भएको छ। असार १ गते कीर्तिपुरस्थित राधास्वामी सत्संगको भवनमा राखिएका सुकुम्वासीले खानासमेत खान पाएनन्। पानी पाएनन्। अहिले पनि उनीहरूलाई सरकारले खाना दिएको छैन। एक संस्थाले बाहिरै बनाएको खाना लगेर खुवाइरहेको छ। त्यसमै उनीहरूले चित्त बुझाइरहेका छन्।

खानासमेत नदिएको सरकारले व्यवस्थापनको जिम्मेवारी नलिएर निम्नवर्गका नागरिकमाथि एकपछि अर्को गर्दै लात्ति बर्साइरहेको छ। जेठ ५ गते मन्त्रिपरिषद्बाट निर्णय गर्दै सरकारले विस्थापित सुकुम्वासीलाई मासिक १५ हजार दिने निर्णय गरेको थियो। त्यो पनि मात्र तीन महिनाका लागि। तीन महिनापछि के गर्ने? प्रधानमन्त्री बालेन बोलेका छैनन्। सरकारका प्रवक्ता सस्मित पोखरेलले स्पष्ट जवाफ दिएका छैनन्। सुरुमा सरकारले कोठा व्यवस्थापनका लागि २५ हजार रुपैयाँ दिने र तीन महिनासम्म १५ हजार रुपैयाँ दिने निर्णय गरेको थियो। महिनामा १५ हजार रुपैयाँले कोठाभाडा, परिवारका लागि खाना व्यवस्थापन गर्न नसकिने सुकुम्वासीले बताइसकेका छन्। सांसदहरूले समेत संसद्मा १५ हजारले के व्यवस्थापन हुन्छ? भन्दै सरकारलाई प्रश्न सोधेका छन्। अहिले काठमाडौँमा सुकुम्वासी भनेपछि कोठा नपाउने अवस्था छ। तर, सरकारले २५ हजार देखाएर आफै व्यवस्थापन गर्ने भए गर, होइन भने सुकुम्वासी बस्तीबाट जस्तै गरी लखेटिनेछ जसरी उर्दी जारी गरेको छ। यसले सुकुम्वासीहरू त्रसित भएका छन्।

सरकारले होल्डिङ सेन्टरबाट समेत हटाउने उर्दी जारी गरेपछि कीर्तिपुरस्थित सत्संग होल्डिङ सेन्टरमा रहेका सुकुम्वासीहरूले पुरानै ठाउँमा जाने चेतावनी दिएका छन्। सरकारले स्थायी आवासको व्यवस्था गर्नुको साटो २५ हजार रुपैयाँ दिएर जबरजस्ती हटाउन खोजेको भन्दै उनीहरूले फेरि पुरानै ठाउँमा जाने बताएका हुन्। होल्डिङ सेन्टरबाहिर 'पीडितहरूको सरोकार पत्र' टाँसेर आफूहरूलाई स्थायी विकल्प र बस्ने ठाउँ नदेखाई जबरजस्ती निष्कासन नगर्न मागसमेत गरेका छन्। होल्डिङ सेन्टरबाट सुकुम्वासीलाई हटाउने निर्णय फिर्ता लिनुपर्दछ। अस्थायी आश्रय लिइरहेको होल्डिङ सेन्टरबाट लखेट्न खोज्नु अमानवीय र गैरजिम्मेवार काम हो। सकुम्वासीलाई हटाउने निर्णयले बालबालिका, वृद्धवृद्धा, महिला र अपाङ्गता भएका व्यक्तिहरूलाई असर पर्नेछ। सरकारले अमानवीय र अव्यवहारिक काम तुरुन्त फिर्ता लिएर पीडितको अनुहारमा खुशी ल्याउने काम आवश्यक छ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : अप्रत्यसित लाभ |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : आर्थिक समस्या | धनु | : मानसिक तनाब |
| कर्कट | : शत्रुको भय | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : झमेला बड्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।

# मुनामा पक्की नाला निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, ११ असार

धौलागिरि गाउँपालिका-३ मुनामा ढल व्यवस्थापन आयोजना निर्माण भएको छ। सङ्घीय सरकारको विशेष अनुदानमा धौलागिरि गाउँपालिकाले मुना गाउँको सरसफाइ र ढल व्यवस्थापनका लागि नाली (पक्की नहर) निर्माण गरेको हो। मुनामा हाल धौलागिरि गाउँपालिकाको केन्द्र रहेको छ।

भिरालो पाखोमा गुजमुज्ज बाक्लो बस्ती रहेको मुनाका घरहरुबाट निस्कने फोहर पानी र बर्खा याममा बग्ने पानीको सुरक्षित तथा व्यवस्थित निकासका लागि पक्की नाला निर्माण गरिएको धौलागिरि-३ का वडाध्यक्ष देवेन्द्र रोकाले बताउनुभयो।

"बर्खामा पाखामा बग्ने पानीले गाउँलाई असुरक्षित र घरबाट निस्कने ढलका कारण फोहर व्यवस्थापनमा चुनौती थियो", उहाँले भन्नुभयो "मुना गाउँलाई सफा र सुरक्षित बनाउने उद्देश्यले पक्की नाला निर्माण गरिएको हो।" मुनामा करिब ३०० घरपरिवारको बसोबास रहेको छ। उक्त योजना निर्माणका लागि गत माघ २५ गते निर्माण कम्पनीले रु ६० लाख ७८ हजार ७४७ मा ठेक्का सम्झौता गरेको थियो। योजनामार्फत ९८९ मिटर लामो पक्की नहर निर्माण भएको वडाध्यक्ष रोकाले जानकारी दिनुभयो। यही असार १५ गतेसम्म ठेक्काको म्याद रहेको योजना लक्ष्यअघिनै सम्पन्न भएको उहाँले बताउनुभयो।

स्थानीयवासी नन्दप्रसाद पुनले पक्की नाला बनेपछि बस्ती सुरक्षित र सुन्दर भएको बताउनुभयो। घरभित्र बाढी पस्ने र फोहर हुने समस्या हटेको अर्का स्थानीयवासी मुमबहादुर पुनले बताउनुभयो। यस वर्ष धौलागिरि गाउँपालिकाको गुर्जाका साथै वडा नम्बर १ को गुर्जामा पनि ढल व्यवस्थापन योजना निर्माण भएको छ। गुर्जाखानी छन्त्याल बस्ती पूर्वाधार योजनामार्फत रु २२ लाख ९९ हजारको लागतमा २६० मिटर पक्की नाला निर्माण भएको छ। गत वर्ष वडा नम्बर ४ मुदीमा ढल व्यवस्थापन आयोजना सञ्चालन भएको थियो। सङ्घीय विशेष अनुदानको बजेटबाट मुदीमा रु ३७ लाख ७७ हजारमा ठेक्का सम्झौता गरी ४०० मिटर पक्की नहर निर्माण भएको थियो। आगामी वर्ष वडा नम्बर ७ ताकममा ढल व्यवस्थापनका लागि सङ्घीय सरकारबाट प्राप्त भएको रु एक करोड बजेट विनियोजन गरिएको धौलागिरि गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले बताउनुभयो।

# लमजुङमा विद्युत् उत्पादन बढ्यो

**पोखरापत्र संवाददाता**
लमजुङ, ११ असार

जलविद्युत् आयोजनाको 'हब' बन्दै गरेको गण्डकी प्रदेशमा पर्ने लमजुङमा यतिबेला विद्युत् उत्पादन बढ्न थालेको छ। पर्याप्त पानी अभावमा विद्युत् उत्पादनमा कमी आइरहेको यहाँका विभिन्न आयोजनामा बर्खा लागेसँगै नदीनालामा पानीको बहाव बढ्न थालेपछि विद्युत् उत्पादन बढ्न थालेको हो।

बैंसीसहर नगरपालिका-१ दलालमा रहेको जिल्लाको पहिलो ७० मेगावाट क्षमताको मध्यमर्स्याङ्दी जलविद्युत् आयोजना केन्द्रमा पनि विद्युत् उत्पादन बढेको छ। केन्द्रका आयोजना प्रमुख तारादत्त भट्टले भन्नुभयो, "मर्स्याङ्दी नदीमा आयोजनाका लागि पानी पर्याप्त नहुँदा हिउँदमा बिजुली उत्पादन कमी भइरहेको थियो। पानी पर्याप्त हुन थालेपछि करिब १५ दिन अघिदेखि पूरै क्षमतामा बिजुली उत्पादन भइरहेको छ।" यस आवमा पानीको अभावले हिउँदमा २६-२७ मेगावाट मात्रै उत्पादन हुँदै आएकामा बर्खा लागेसँगै विस्तारै आयोजनाले आफ्नै क्षमतामा बिजुली उत्पादन गरिरहेको उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार यहाँ ३५/३५ क्षमताका दुई वटा टर्बाइनबाट ७० मेगावाट क्षमताको विद्युत् उत्पादन हुन्छ। सन् २००० मा रु २७ अर्ब २० करोड लागतमा निर्माण सुरु भई सन् २००८ मा सम्पन्न भएसँगै आयोजनाबाट विद्युत् उत्पादन हुन थालेको थियो। त्यस्तै, मर्स्याङ्दी गाउँपालिका-८ स्थित भुलभुलेमा रहेको ५० मेगावाट क्षमताको माथिल्लो मर्स्याङ्दी 'ए' जलविद्युत् आयोजनाको उत्पादनसमेत बढ्न थालेको आयोजना कार्यालयले जनाएको छ। आयोजनाका अनुसार केही दिन अघिदेखि पूरै क्षमतामा बिजुली उत्पादन भइरहेको छ। सन् २०१३ जनवरीदेखि आयोजना निर्माण थालनी गरी सन् २०१७ जनवरीदेखि व्यावसायिक रूपमा उत्पादन थालेको थियो। चिनियाँ बहुराष्ट्रिय कम्पनी सिनो हाइड्रोको ९० र नेपालको चितवन कोइ समूह (सगरमाथा हाइड्रोपावर कम्पनी) को १० प्रतिशत लगानीमा आयोजना निर्माण सम्पन्न भएको थियो। ५४ मेगावाट क्षमताको सुपर दोर्दी 'ख', ३० मेगाावट क्षमताको न्यादी हाइड्रोपावर, २७ मेगावाटको दोर्दीखोला, २५ मेगावाटको अपर दोर्दी 'ए', १२ मेगावाटको दोर्दी-१, सात मेगावाटको उपरमिदिम, पाँच मेगावाटको सिउरीखोला तथा चार दशमलव चार मेगावाटको राँधीखोला आयोजनामा पनि विद्युत् उत्पादन वृद्धि भइरहेको छ।

त्यस्तै, चार-चार मेगावाट क्षमताका खुदीखोला साना जलविद्युत् आयोजना र अपर छन्दीखोला, तीन मेगावाटको मिदिमखोला, दुई दशमलव चार मेगावटको अपर स्याँगे खोला, दुई मेगावाटको छन्दीखोला, १८३ किलोवाटको स्याँगे माइक्रोहाइड्रो र ८० किवाको मिदिम माइक्रोहाइड्रोमा पनि विद्युत् उत्पादन बढ्न थालेको आयोजना प्रमुख तारादत्त भट्टले जानकारी दिनुभयो।

जिल्लामा उत्पादन थालेका आयोजनाको बिजुली राष्ट्रिय प्रसारण लाइनमा जोडिएर देशलाई उज्यालो बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका जानकारहरू बताउँछन्। ती आयोजनामा विद्युत् उत्पादन कम भएमा वा वृद्धि भएका आर्थिक रूपमा मुलुकमा पनि प्रभाव पारेको देखिन्छ। जिल्लामा बर्सेनि मर्स्याङ्दी नदी, दोर्दी, किसेदी, फिदिम खोलालगायत खोलामा पानीको बहाव कम हुँदा उत्पादन घट्ने र पानी पर्याप्त भएपछि पूर्ण क्षमतामा विद्युत् उत्पादन हुने गरेको छ।

# लमजुङमा विद्युत् उत्पादन बढ्यो

**पोखरापत्र संवाददाता**
लमजुङ, ११ असार

जलविद्युत् आयोजनाको 'हब' बन्दै गरेको गण्डकी प्रदेशमा पर्ने लमजुङमा यतिबेला विद्युत् उत्पादन बढ्न थालेको छ। पर्याप्त पानी अभावमा विद्युत् उत्पादनमा कमी आइरहेको यहाँका विभिन्न आयोजनामा बर्खा लागेसँगै नदीनालामा पानीको बहाव बढ्न थालेपछि विद्युत् उत्पादन बढ्न थालेको हो।

बैंसीसहर नगरपालिका-१ दलालमा रहेको जिल्लाको पहिलो ७० मेगावाट क्षमताको मध्यमर्स्याङ्दी जलविद्युत् आयोजना केन्द्रमा पनि विद्युत् उत्पादन बढेको छ। केन्द्रका आयोजना प्रमुख तारादत्त भट्टले भन्नुभयो, "मर्स्याङ्दी नदीमा आयोजनाका लागि पानी पर्याप्त नहुँदा हिउँदमा बिजुली उत्पादन कमी भइरहेको थियो। पानी पर्याप्त हुन थालेपछि करिब १५ दिन अघिदेखि पूरै क्षमतामा बिजुली उत्पादन भइरहेको छ।"

यस आवमा पानीको अभावले हिउँदमा २६-२७ मेगावाट मात्रै उत्पादन हुँदै आएकामा बर्खा लागेसँगै विस्तारै आयोजनाले आफ्नै क्षमतामा बिजुली उत्पादन गरिरहेको उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार यहाँ ३५/३५ क्षमताका दुई वटा टर्बाइनबाट ७० मेगावाट क्षमताको विद्युत् उत्पादन हुन्छ। सन् २००० मा रु २७ अर्ब २० करोड लागतमा निर्माण सुरु भई सन् २००८ मा सम्पन्न भएसँगै आयोजनाबाट विद्युत् उत्पादन हुन थालेको थियो।

त्यस्तै, मर्स्याङ्दी गाउँपालिका-८ स्थित भुलभुलेमा रहेको ५० मेगावाट क्षमताको माथिल्लो मर्स्याङ्दी 'ए' जलविद्युत् आयोजनाको उत्पादनसमेत बढ्न थालेको आयोजना कार्यालयले जनाएको छ। आयोजनाका अनुसार केही दिन अघिदेखि पूरै क्षमतामा बिजुली उत्पादन भइरहेको छ। सन् २०१३ जनवरीदेखि आयोजना निर्माण थालनी गरी सन् २०१७ जनवरीदेखि व्यावसायिक रूपमा उत्पादन थालेको थियो।

चिनियाँ बहुराष्ट्रिय कम्पनी सिनो हाइड्रोको ९० र नेपालको चितवन कोइ समूह (सगरमाथा हाइड्रोपावर कम्पनी) को १० प्रतिशत लगानीमा आयोजना निर्माण सम्पन्न भएको थियो। ५४ मेगावाट क्षमताको सुपर दोर्दी 'ख', ३० मेगावाट क्षमताको न्यादी हाइड्रोपावर, २७ मेगावाटको दोर्दीखोला, २५ मेगावाटको अपर दोर्दी 'ए', १२ मेगावाटको दोर्दी-१, सात मेगावाटको उपरमिदिम, पाँच मेगावाटको सिउरीखोला तथा चार दशमलव चार मेगावाटको राँधीखोला आयोजनामा पनि विद्युत् उत्पादन वृद्धि भइरहेको छ।

त्यस्तै, चार-चार मेगावाट क्षमताका खुदीखोला साना जलविद्युत् आयोजना र अपर छन्दीखोला, तीन मेगावाटको मिदिमखोला, दुई दशमलव चार मेगावटको अपर स्याँगे खोला, दुई मेगावाटको छन्दीखोला, १८३ किलोवाटको स्याँगे माइक्रोहाइड्रो र ८० किवाको मिदिम माइक्रोहाइड्रोमा पनि विद्युत् उत्पादन बढ्न थालेको आयोजना प्रमुख तारादत्त भट्टले जानकारी दिनुभयो। जिल्लामा उत्पादन थालेका आयोजनाको बिजुली राष्ट्रिय प्रसारण लाइनमा जोडिएर देशलाई उज्यालो बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका जानकारहरू बताउँछन्। ती आयोजनामा विद्युत् उत्पादन कम भएमा वा वृद्धि भएका आर्थिक रूपमा मुलुकमा पनि प्रभाव पारेको देखिन्छ। जिल्लामा बर्सेनि मर्स्याङ्दी नदी, दोर्दी, किसेदी, फिदिम खोलालगायत खोलामा पानीको बहाव कम हुँदा उत्पादन घट्ने र पानी पर्याप्त भएपछि पूर्ण क्षमतामा विद्युत् उत्पादन हुने गरेको छ।

# बेनी-जोमसोम सडक १२ घण्टापछि खुल्यो

**पोखरापत्र संवाददाता**
म्याग्दी, ११ असार

सडकमा थुप्रिएको ढुङ्गा पन्छाएपछि म्याग्दीको उत्तरी क्षेत्र हुँदै मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने बेनी-जोमसोम सडकमा १२ घण्टापछि यातायात सेवा सञ्चालन भएको छ।

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ महभिरमा गए राति विद्युतीय गाडीमाथि ढुङ्गा खसेर च्यापिँदा मुस्ताङस्थित कोरला नाकाबाट विद्युतीय गाडी चलाएर पोखरातर्फ जाँदै गरेका वीरगञ्ज महानगरपालिकाका २३ वर्षीय सोहिल मियाको मृत्यु हुनुका साथै सडक अवरुद्ध बनेको थियो। बेनी- जोमसोम- कोरला सडक आयोजनाका सुपरभाइजर इन्द्रसिंह शेरचनले सडक विभागका उपकरण परिचालन गरेर सडकमा थुप्रिएको ढुङ्गा पन्छाएर आज बिहानदेखि सवारी आवतजावत सुचारु भएको जानकारी दिनुभयो। रोकिएका सवारीसाधन गन्तव्यतर्फ लागेका छन्।

विस्फोटक पदार्थको प्रयोग गरेर फराकिलो बनाउने काम भइरहेको सडकमा गुडिरहेको अवस्थामा ढुङ्गा खसेर अठ्याएको गाडीभित्र एक्लै रहेका मिया च्यापिएका थिए। सुरक्षाकर्मीको टोलीले अचेत अवस्थामा उद्धार गरेर प्रदेश अस्पताल बेनीमा ल्याइएका मियालाई चिकित्सकले राति मृत घोषणा गरेका प्रहरी निरीक्षक सागर तिमिल्सिनाले बताउनुभयो।

# मुस्ताङमा सशस्त्र प्रहरीको विपद् प्रतिकार्य अभ्यास

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ११ असार

हिमाली जिल्ला मुस्ताङमा सशस्त्र प्रहरीले मनसुनजन्य विपद् प्रतिकार्यका सन्दर्भमा कृत्रिम अभ्यास गरेको छ।

यहाँस्थित सशस्त्र प्रहरी बल नेपाल ३३ नं गुल्मले बुधबार घरपझोङ-४ जोमसोमस्थित कालीगण्डकी नदीमा उक्त अभ्यास गरेको हो। सशस्त्र प्रहरीको विपद् प्रतिकार्य अभ्यासमा कालीगण्डकीमा बगिरहेका नागरिकको सुरक्षित उद्धारसम्बन्धी व्यावहारिक अभ्यास गरेको गुल्मका प्रमुख सशस्त्र प्रहरी नायब उपरीक्षक भेषराज गिरीले जानकारी दिनुभयो।

तालिमका बेला प्रशिक्षार्थीलाई विपद्को अवस्थामा अपनाउनुपर्ने सुरक्षा सावधानी, उद्धार सामग्रीको समुचित प्रयोग तथा नदीको तीव्र बहावमा फसेका व्यक्तिको सुरक्षित उद्धारको विधिका विषयमा ज्ञान दिइएको सशस्त्र प्रहरी नायब उपरीक्षक गिरीले उल्लेख गर्नुभयो। यस्ता अभ्यासले समन्वयात्मक र व्यावसायिक रुपमा काम गर्न तथा विपद्जन्य घटनामा सशस्त्र प्रहरी बलको उद्धार क्षमता अभिवृद्धि गरी जनधनको क्षति न्यूनीकरण गर्न योगदान पुग्ने प्रहरी सङ्गठनले विश्वास लिएको छ।

हरेक वर्ष साउन र भदौमा मुलुकका ठूला तथा तीनका सहायक नदीमा पानीको बहाव उच्च हुने भएकाले सम्भावित जोखिम न्यूनीकरण गर्न तथा मानवीय जनधनको क्षति कम गर्न सशस्त्र प्रहरी बलले मुलुकभरी नै त्यसप्रकारका तालिम सञ्चालन गर्दै आएको छ।

# कुकुरले बाख्रा मार्न थालेपछि बरङ्जावासी त्रसित

**पोखरापत्र संवाददाता**
म्याग्दी, ११ असार

म्याग्दीको मङ्गला गाउँपालिका-३ बरङ्जामा सामुदायिक कुकुरले टोकेर बाख्रा मर्न थालेपछि स्थानीयवासी त्रसित भएका छन्। पछिल्लो १० दिनयता बरङ्जामा कुकुरले टोकेर तीन वटा बाख्रा मरेका छन् भने छ वटा घाइते भएका छन्।

दैनिकजसो कुकुरले टोकेर बाख्रा मार्ने र घाइते बनाउन थालेको मङ्गला गाउँपालिका-३ का कार्यवाहक वडाध्यक्ष भेषकुमारी पुनले बताउनुभयो। "पिङ्गे, खर्क, आलडाँडा, बाहुनपँधेरा, वडा कार्यालय, खर्सुपानी क्षेत्रमा सामुदायिक कुकरले आतङ्क सिर्जना गरेको छ", उहाँले भन्नुभयो, "आतङ्क फैलाउने कुकुर पहिचान गरी नियन्त्रणका लागि गाउँपालिका र सिंगा तातोपानी प्रहरी चौकीको सहयोग मागेका छौँ।" वडा कार्यालयमा रहेका पशु स्वास्थ्य प्राविधिकलाई कुकुरले टोकेर घाइते भएका बाख्राको उपचारका लागि भ्याइनभ्याइ भएको कार्यवाहक वडाध्यक्ष पुनले बताउनुभयो। उहाँका अनुसार पिङ्गेका टेकबहादुर थापाका दुई वटा र भीमबहादुर रोकाको एउटा बाख्रा कुकुरले टोकेर मरेका छन्। वडाध्यक्ष पुनका अनुसार खर्सुपानीमा दुई, खर्कमा दुई, वडा कार्यालय नजिकै एउटा र बाहुनपँधेरामा एउटा बाख्रा कुकुरले टोकेर घाइते भएका छन्। स्थानीय कृषक गङ्गाधर आचार्यका अनुसार तीन वटा कुकुर घरमा किसान नभएको मौका छोपेर गोठमा आउने गरेका छन्। कुकुर आतङ्कका कारण बरङ्जावासीमा त्रास सिर्जना भएको स्थानीय महेन्द्ररत्न माविका प्रअ कृष्णलाल सापकोटाले बताउनुभयो। बरङ्जाका सबै टोलमा सार्वजनिक सूचना जारी गरेर घरपालुवा कुकुरलाई सम्बन्धित घरधनीले बाँधेर राख्ने र झारा लगाएर खोजी आतङ्क फैलाउने कुकुरलाई नियन्त्रणमा लिन गाउँपालिका र सुरक्षा निकायसँग सहयोग मागिएको कार्यवाहक वडाध्यक्ष पुनले जानकारी दिनुभयो।

# स्याङ्जाका ११ वटै स्थानीय तहले ल्याए बजेट

पोखरापत्र संवाददाता
स्याङ्जा, ११ असार

स्याङ्जा जिल्लाका ११ वटै स्थानीय तहले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि बजेट सार्वजनिक गरेका छन् । जिल्लाका ५ नगरपालिका र ६ गाउँपालिकाले स्थानीय तह संचालन ऐन अनुसारै असार १० मा बजेट ल्याएका हुन् । सबै स्थानीय तहले कुल ६ अर्ब ९८ करोड ४२ लाख ८७ हजार ४७३ रुपैयाँ बराबरको बजेट सार्वजनिक गरेका हुन् ।




जिल्लाका नगरपालिकामध्ये सबैभन्दा बढी पुतलीबजार नगरपालिकाले ९६ करोड ७३ लाख १६ हजार चार सय रुपैयाँको बजेट सार्वजनिक गरेको छ । जसमध्ये चालुतर्फ ६६ करोड २० लाख ४७ हजार ६ सय अर्थात करिब ६८ प्रतिशत र पुँजीगततर्फ झण्डै ३२ प्रतिशतले हुने ३० करोड ५२ लाख ६८ हजार ८ सय रुपैयाँको बजेट सार्वजनिक गरेको हो । वालिङ नगरपालिकाले ८९ करोड एक लाख ५९ हजार ७३६ रुपैयाँको बजेट ल्याएको छ । वालिङले चालुतर्फ ६२ करोड ४७ लाख ११ हजार ७३६ र पुँजीगततर्फ २६ करोड ५४ लाख ४८ हजार रुपैयाँ विनियोजन गरिएको बजेट ल्याएको हो । शिक्षा, स्वास्थ्य, र खेलकुद क्षेत्रलाई सबैभन्दा धेरै झण्डै ५३ प्रतिशत अर्थात ४७ करोड ३० लाख ७ हजार विनियोजन गरेको वालिङले सडक, पुल, भवन, खानेपानी, सिँचाइ सहितका पूर्वाधारमा लागि करिब २३ प्रतिशत अर्थात २० करोड २२ लाख ७६ हजार रुपैयाँ विनियोजन गरेको छ ।

त्यस्तै गल्याङ नगरपालिकाले ८६ करोड ६३ लाख ५० हजार रुपैयाँको बजेट सार्वजनिक गरेको छ । सार्वजनिक बजेटमध्ये चालुतर्फ ६२ करोड १५ लाख ५० हजार अर्थात ७२ प्रतिशत र पुँजीगत शिर्षकमा २४ करोड ४८ लाख रुपैयाँ अर्थात झण्डै २८ प्रतिशतले हुन आउने बजेट मात्रै छुट्ट्याइएको गल्याङ नगरपालिकाले जनाएको छ ।

उता चापाकोट नगरपालिकाले ६६ करोड ४८ लाख ७४ हजार ७२ रुपैयाँको बजेट ल्याएको छ । जसमध्ये ४१ करोड १३ लाख २७ हजार ४७२ चालु र पुँजीगततर्फ २२ करोड ३५ लाख ४६ हजार ६ सय रुपैयाँ रहेको छ । त्यस्तै, भीरकोट नगरपालिकाले ५७ करोड ३० लाख ९७ हजार ८८१ रुपैयाँ बराबरको बजेट सार्वजनिक गरेको छ ।

जिल्लाका ६ गाउँपालिकामध्ये स्वास्थ्य, शिक्षा, पर्यटन र कृषिसँगै रोजगारी सृजनालाई प्राथमिकता दिदै सबैभन्दा बढी आँधीखोला गाउँपालिकाले ६१ करोड ६२ लाख रुपैयाँको बजेट ल्याएको छ । कुल बजेटको झण्डै ७० प्रतिशत चालु शिर्षकमा ४३ करोड १२ लाख विनियोजन गरेको गाउँपालिकाले पुँजीगत खर्चमा ३० प्रतिशत अर्थात १८ करोड ५० लाख रुपैयाँ विनियोजन गरेको छ । त्यसैगरी कालीगण्डकी गाउँपालिकाले आगामी आर्थिक वर्षका लागि ५६ करोड ८१ लाख ८१ हजार रुपैयाँको बजेट ल्याएको छ । गाउँपालिकाले कुल बजेटको करिब ७० प्रतिशत चालु र ३० प्रतिशत पुँजीगत शिर्षकमा व्यवस्था गरेको छ । त्यस्तै बिरुवा गाउँपालिकाले ५१ करोड ६२ लाख ६८ हजार ३८४ रुपैयाँको बजेट सार्वजनिक गरेको छ । कुल बजेटमध्ये ३६ करोड ७२ लाख २१ हजार ३८४ चालु र १५ करोड ६२ लाख ४७ हजार रुपैयाँ पुँजीगतमा विनियोजन गरिएको छ । उता अर्जुनचौपारी गाउँपालिकाले ४७ करोड ९४ लाख २४ हजार रुपैयाँको बजेट सार्वजनिक गरेको छ । सार्वजनिक बजेटमध्ये चालुतर्फ ३२ करोड ७० लाख ९० हजार र पुँजीगतमा १५ करोड २३ लाख ३४ हजार रुपैयाँ विनियोजन गरेको गाउँपालिकाले जनाएको छ । त्यस्तै हरिनास गाउँपालिकाले ४४ करोड २४ लाख रुपैयाँ बजेट ल्याएको छ । हरिनाशको कुल बजेटमध्ये चालुमा ३० करोड ५२ लाख र पुँजीगतमा १३ करोड ७२ लाख रुपैयाँ छुट्ट्याइएको छ । फेदीखोला गाउँपालिकाले ४० करोड १६ हजार चार सय रुपैयाँको बजेट ल्याएको छ । जसमध्ये चालुतर्फ ३१ करोड ५० लाख १४ हजार चार सय र पुँजीगततर्फ ८ करोड ५० लाख दुई हजार रुपैयाँ विनियोजन गरिएको छ । जिल्लाका स्थानीय तहहरूले खासगरी सडक पूर्वाधार, कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य तथा रोजगारी प्रवर्द्धनलाई प्राथमिकतामा राख्दै बजेट सार्वजनिक गरेको बताएका छन् ।

# पूर्वाधार निर्माणमा धवलागिरिको फड्को

पोखरापत्र संवाददाता
म्याग्दी, ११ असार

म्याग्दीको धवलागिरि गाउँपालिकाले भवन पूर्वाधार निर्माणमा फड्को मारेको छ । साबिकको मुना गाविसको भवनमा तला र कोठा थप गरी सेवा प्रवाह गर्दै आएको गाउँपालिकाले आफ्नै प्रशासकीय भवन निर्माणलाई अन्तिम चरणमा पुर्‍याएको छ । धवलागिरि-३ घट्टेखोलामा स्थानीयबाट १४ रोपनी जग्गा निःशुल्क प्राप्त भएपछि गाउँपालिकाले सङ्घीय सरकारसँगको साझेदारीमा प्रशासकीय भवन निर्माणको योजना अघि बढाएको थियो ।



आर्थिक वर्ष २०७९/८० देखि निर्माण सुरु भएको उक्त भवनको काम अन्तिम चरणमा पुगेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद शर्माले जानकारी दिनुभयो । चालु आर्थिक वर्षको अन्त्यसम्म सम्पूर्ण निर्माण सम्पन्न गर्ने तयारी गरिएको बताउँदै उहाँले हालसम्म करिब ९० प्रतिशत भौतिक प्रगति हासिल भएको जानकारी दिनुभयो । प्रतिष्ठा-जुम्ली-माछापुच्छ्रे जेभीसँग रु सात करोड ७१ लाख ८९ हजार ६६६ मा ठेक्का सम्झौता भएको थियो । निर्माण सामग्रीमा भएको मूल्य वृद्धि तथा सङ्घीय सरकारले भुक्तानी कर तिर्नुपर्ने दायित्वको रकम आउन ढिलाइ हुँदा निर्माण प्रभावित हुँदै आएको ठेकेदार कम्पनीले जनाएको छ । निर्माण व्यवसायीलाई करिब रु तीन करोड भुक्तानी दिन बाँकी रहे पनि चालु आवको हालसम्म सङ्घीय सरकारबाट रु ६० लाख मात्रै बजेट आएको उल्लेख गर्दै थप बजेट प्राप्तिका लागि निरन्तर पहल भइरहेको प्रशासकीय अधिकृत शर्माले जानकारी दिनुभयो । "अन्तिम पटक थप भएको समयसीमाभित्रै काम सम्पन्न गराउनका लागि निर्माण व्यवसायीलाई ताकेता गरिरहेका छौँ । चालु आवमा भवनको पूर्वाधार निर्माण सकिएमा आगामी आवको असोज/कात्तिकसम्म फर्निचरसहित अन्य पूर्वाधार व्यवस्थापन सकेर यही भवनबाटै सेवा प्रवाह सञ्चालन गराउने गरी काम भइरहेको छ", उहाँले भन्नुभयो । म्याग्दीका पाँच गाउँपालिकामध्ये प्रशासकीय भवन बनाउने पहिलो बनेको धवलागिरिको तीनतले भवनमा २७ वटा कोठा, एक-एक वटा सभाहल र बैठक कक्ष हुनेगरी पूर्वाधार निर्माण भइरहेको गाउँपालिकाका पूर्वाधार शाखा प्रमुख लोकेन्द्र रावलले बताउनुभयो । गाउँपालिकाको प्रशासकीय भवनसँगै वडा कार्यालय, स्वास्थ्य चौकी भवन, सामुदायिक भवनहरू निर्माणले तीव्रता पाएका उहाँको भनाइ छ । धवलागिरि-७ ताकममा पाँच शय्या क्षमताको आधार भूत अस्पताल निर्माणाधीन अवस्थामा रहेको पूर्वाधार शाखा प्रमुख रावलले जानकारी दिनुभयो । उहाँका अनुसार गुर्जा, मल्कबाङ, मुना र मुदीमा स्वास्थ्य चौकीका नयाँ भवन निर्माण भएका छन् । लमसुङ र मराङमा यसअघि नै स्वास्थ्य चौकीको भवन निर्माण भएका थिए ।

सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि वडा कार्यालयको भवन निर्माणलाई समेत जोड दिइएको रावलले बताउनुभयो । धवलागिरि-२, वडा नं ४ मुदी, वडा नं ६ मराङ र वडा नं ७ ताकममा वडा कार्यालयको नयाँ भवन निर्माण भइसकेको जनाउँदै पूर्वाधार शाखा प्रमुख रावलले वडा नं ५ मल्कबाङमा गाउँपालिकाले निर्माण गरेको बहुउद्देश्यीय सामुदायिक भवनबाट सेवा प्रवाह हुँदै आएको बताउनुभयो ।

विद्यालय र अन्य निकायको साँघुरो भवनबाट सेवा प्रवाह गर्दै आएकामा वडा कार्यालयको आफ्नै भवन निर्माण भएपछि सेवा प्रवाह सहज भएको धवलागिरि-४ का वडाध्यक्ष यामबहादुर घर्तीले बताउनुभयो । गाउँपालिकाले गुर्जामा वडा कार्यालयको भवन निर्माणको योजना बनाएको छ ।

धवलागिरि गाउँपालिकाले आगामी आर्थिक वर्षका लागि विद्यालय भवन, खेलमैदान, सामुदायिक स्वास्थ्य एकाइलगायत भौतिक पूर्वाधार निर्माणलाई प्राथमिकता दिएर नीति तथा कार्यक्रम र बजेट निर्माण गर्ने जनाएको छ ।

# तनहुँका स्थानीय तहद्वारा सात अर्ब ७८ करोडको बजेट प्रस्तुत

पोखरापत्र संवाददाता
दमौली, ११ असार

तनहुँका दश वटै स्थानीय तहले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि करिब रु सात अर्ब ७८ करोड २६ लाख बजेटसहित नीति तथा कार्यक्रम प्रस्तुत गरेका छन् ।

जिल्लाका १० मध्ये आठ वटा पालिकाले बुधबार तथा म्याग्दे गाउँपालिका र शुक्लागण्डकी नगरपालिकाले भने असार ८ गते बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गरेका हुन् । जिल्लाका सबै स्थानीय तहले गरी रु सात अर्ब ७८ करोड २६ लाख २० हजार ८७३ को बजेट प्रस्तुत गरेका छन् । त्यसमध्ये व्यास, शुक्लागण्डकी, भानु र भीमाद गरी चार नगरपालिकाले रु चार अर्ब ११ करोड ९३ लाख ४५ हजार २४ र छ गाउँपालिकाले रु तीन अर्ब ६६ करोड ३२ लाख ७५ हजार ८४९ को बजेट प्रस्तुत गरेका हुन् ।

सदरमुकामस्थित व्यास नगरपालिकाले रु एक अर्ब ५० करोड २० लाख एक हजारको बजेट प्रस्तुत गरेको छ । विनियोजित बजेटमध्ये आर्थिक विकासतर्फ रु चार करोड दुई लाख ३४ हजार, सामाजिक विकासतर्फ रु ७२ करोड २९ लाख ९१ हजार, पूर्वाधार विकासतर्फ रु २६ करोड दुई लाख २५ हजार, वातावरण विपद्‌तर्फ रु चार करोड ८७ लाख, संस्थागत विकास सेवा प्रवाह सुशासनतर्फ रु ४२ करोड ९८ लाख ५१ हजार छुट्ट्याइएको छ । उपप्रमुख इन्दिरा दरैका अनुसार चालुतर्फ रु एक अर्ब दुई करोड ३७ लाख ६२ हजार दुई सय विनियोजन गरिएको छ । जुन कूल बजेटको ६८.१६ प्रतिशत रहेको छ । त्यस्तै पुँजीगततर्फ रु ४७ करोड ४२ लाख ३९ हजार विनियोजन गरिएको छ । जुन कूल बजेटको ३१.८४ प्रतिशत रहेको छ । विनियोजित बजेटमध्ये सङ्घ सरकारको सशर्त चालु अनुदानबाट रु ६१ करोड ८० लाख, आन्तरिक स्रोतबाट रु २० करोड, सङ्घ सरकारको वित्तीय समानीकरणबाट रु १८ करोड ६० लाख, राजश्व बाँडफाँटबाट रु १५ करोड ३२ लाख ७७ हजार, सशर्त पुँजीगत अनुदानबाट रु १३ करोड ४० लाख प्राप्त हुने छ ।

त्यस्तै राजस्व बाँडफाँट मालपोतबाट रु सात करोड, नगर विकास ऋणबाट रु तीन करोड ५० लाख, प्रदेश सरकार वित्तीय समानीकरण अनुदानबाट रु दुई करोड ५० लाख पाँच हजार, सञ्चित कोषबाट रु दुई करोड १० लाख, प्रदेश सरकार राजस्व बाँडफाँटबाट रु एक करोड ८१ लाख ६५ हजार, सडक बोर्डबाट रु ७० लाख प्राप्त हुने अनुमान गरिएको छ ।

नवप्रर्वतनीयबाट रु ७० लाख, समपुरकबाट रु ५० लाख, जिल्ला समन्वय समितिबाट रु ५० लाख, प्रदेश समपुरक अनुदानबाट रु ४५ लाख ५४ हजार, विशेष अनुदानबाट रु ४० लाख र जनसहभागिताबाट रु ३० लाख प्राप्त हुने अनुमान गरिएको छ । शुक्लागण्डकी नगरपालिकाले रु एक अर्ब १३ करोड ५४ लाख ३९ को बजेट प्रस्तुत गरेको छ । उपप्रमुख खुमबहादुर विकले आयतर्फ सङ्घीय सरकार सशर्त अनुदानबाट रु ४९ करोड १८ वित्तीय समानीकरणबाट रु १२ करोड ३८ लाख आम्दानी हुने अनुमान गरेको बताउनुभयो ।

सशर्त अनुदानबाट रु ४६ करोड ४१ लाख विशेष अनुदानबाट रु एक करोड ४० लाख, समपुरक अनुदानबाट रु एक करोड ३३ लाख, प्रदेश सरकारबाट वित्तीय समानीकरण रु एक करोड ९३ लाख, राजश्व बाँडफाटबाट रु एक करोड ५९ लाख, समपुरकबाट रु ६० लाख, विशेष अनुदानबाट रु ४० लाख, मालपोतबाट रु एक करोड ५० लाख र जनसहभागिताबाट रु एक करोड ५० लाख आम्दानी हुने अनुमान गरिएको उहाँको भनाइ छ । उहाँका अनुसार पूर्वाधारतर्फ रु तीन करोड ९१ लाख ७८, सामाजिक विकासतर्फ रु तीन करोड ४२ लाख, आर्थिक विकासतर्फ रु ९२ लाख ५७ हजार, वातावरण विपद्‌तर्फ रु ९२ लाख ५७ हजार, सुशासन तथा संस्थागत क्षमतातर्फ रु ४६ लाख २८ हजार, चालु प्रशासनिक खर्च रु १६ करोड, अनिवार्य दायित्वतर्फ १० करोड, राजस्व फिर्तातर्फ रु एक करोड र वडागततर्फ रु नौ करोड विनियोजन गरिएको छ ।

भानु नगरपालिकाले रु ८४ करोड ६६ लाख ४४ हजार २४ को बजेट प्रस्तुत गरेको छ । भीमाद नगरपालिकाले रु ६३ करोड ५३ लाखको बजेट प्रस्तुत गरेको छ । म्याग्दे गाउँपालिकाले रु ७४ करोड ३२ लाख ७८ हजारको बजेट प्रस्तुत गरेको छ । त्यसमध्ये चालुतर्फ रु ४७ करोड ९३ लाख र पुँजीगततर्फ रु २६ करोड ३९ लाख ४५ हजार विनियोजन गरिएको उपाध्यक्ष बालकृष्ण घिमिरेले जानकारी दिनुभयो ।

विनियोजित बजेटको स्रोत सुनिश्चितताका लागि नेपाल सरकारको वित्तीय समानीकरणबाट रु नौ करोड ९२, सशर्त अनुदानबाट रु ३९ लाख, चालुबाट रु १८ करोड, राजश्व बाँडफाँटबाट रु आठ करोड ७७, गण्डकी प्रदेश सरकारको प्रदेश वित्तीय समानीकरणबाट रु एक करोड २१ लाखरकमविनियोजनगरिएकोउहाँले बताउनुभयो । राजस्व बाँडफाँटबाट रु ९० लाख, अनुदानबाट रु ९० लाख, सडक बोर्डबाट रु २३ लाख, आन्तरिक आयबाट १५ करोड, समपुरक अनुदानबाट रु ७० लाख, विशेष अनुदानबाट रु एक करोड ४० लाख, सामाजिक सुरक्षाबाट रु १३ करोड, प्रदेश समपुरक अनुदानबाट रु ६० लाख, विशेष अनुदानबाट रु ४० लाख, नागरिक साझेदारीबाट रु दुई करोड प्राप्त हुने अनुमान गरिएको घिमिरेले बताउनुभयो ।

आर्थिक विकास समितितर्फ रु चार करोड १८ लाख, सामाजिक विकास समितितर्फ रु ३३ करोड १६ लाख ८३ हजार, पूर्वाधार विकासतर्फ रु २५ करोड ३९ लाख ६८ हजार चार सय ५०, वन वातावरण विपद् समितितर्फ रु ८७ लाख, कार्यालय सञ्चालन, सुशासन समितितर्फ रु १० करोड ७१ लाख बजेट विनियोजन गरिएको छ । देवघाट गाउँपालिकाले रु ५५ करोड ५८ लाख ६७ हजार, आँबुखैरेनी गाउँपालिकाले रु ६४ करोड, बन्दीपुर गाउँपालिकाले रु ६८ करोड ७८ लाख ८० हजार ८४९ र ऋषिङ गाउँपालिकाले रु ५३ करोड ६२ लाख ५० हजार, घिरिङ गाउँपालिकाले रु ५० करोडको बजेट प्रस्तुत गरेको छ ।

HIMALAYANLIFE

प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन न. ५९७००५७, पो.ब.न. २५९७९

**हकदावी सम्बन्धि सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

| क्र.स. | बीमालेख न. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | Gli 0610005255 | निर्भिक न्यौपाने | रत्ननगर-८, चितवन |
| २ | Gli 0610005257 | सार्थक न्यौपाने | रत्ननगर-८, चितवन |
| ३ | Gli 0610004598 | देवेन्द्र श्रेष्ठ | फेदीखोला-५, स्याङ्जा |

# उत्तरी गोरखास्थित सीमा क्षेत्र र सीमा स्तम्भको अनुगमन

पोखरापत्र संवाददाता
गोरखा, ११ असार

उत्तरी गोरखाको सामागाउँ र साम्दोस्थित नेपाल प्रहरी र सशस्त्र प्रहरी (बिओपी) को संयुक्त टोलीले नेपाल-चीन सीमा स्तम्भ तथा सीमा इलाकाको संयुक्त अनुगमन गरेको छ ।

चुमनुब्री गाउँपालिका-१ साम्दोमा रहेको बिओपीका सशस्त्र प्रहरी, प्रहरी चौकी सामागाउँका नेपाल प्रहरी, जनप्रतिनिधि र अन्य स्थानीयवासीको संयुक्त टोलीले बुधबार रुइला नाका र त्यहाँ रहेको ३५ नम्बर सीमा स्तम्भ क्षेत्रको अवलोकन हो ।

प्रहरी निरीक्षक आकाश सूचीकारको नेतृत्वमा सामागाउँ प्रहरी चौकीका प्रहरी, वडा सदस्य पासाङ लामा, साम्दो, सामागाउँ र स्याला गाउँका स्थानीयवासीको टोलीले त्यस क्षेत्रको अनुगमन गरेको सशस्त्र प्रहरी गोरखा गुल्मका प्रमुख डिएसपी ढलप्रसाद काफ्लेले जानकारी दिनुभयो ।

उक्त टोलीले समयसमयमा त्यस क्षेत्रको निरीक्षण गरी शान्ति सुरक्षालगायत विषयमा जानकारी हासिल गर्दै आएको छ । साम्दोस्थित बिओपीले ग्याला नाका, रुइला नाका र लाजुन नाका क्षेत्रमा सुरक्षा गर्दै आएको छ । छेक्या र बाजु क्षेत्रमा लामो समयदेखि बिओपी स्थापना गर्ने भनिए पनि हालसम्म स्थापना हुन सकेको छैन ।

# बत्तिस करोड करोड राहत तथा क्षतिपूर्ति

पोखरापत्र संवाददाता
दमौली, ११ असार

सुरक्षित आप्रवासन परियोजना (सामी)मार्फत तनहुँका सर्वसाधारणले रु ३२ करोडभन्दा बढी राहत तथा क्षतिपूर्ति प्राप्त गरेका छन् ।

वैदेशिक रोजगारीका क्रममा ठगी तथा मृत्यु भएकाका परिवारले परियोजनामार्फत् रु ३२ करोड १४ लाख ५८ हजार ५१८ आर्थिक सहायता र क्षतिपूर्ति प्राप्त गरेका हुन् ।

परियोजना संयोजक लुना रानाले ठगी, मृत्यु, घाइते लगायतको मुद्दामा सहजीकरण गरी उक्त राहत तथा क्षतिपूर्ति दिलाउन सफल भइएको जानकारी दिनुभयो । उहाँका अनुसार ठगीमा परेकालाई आर्थिक सहायताबापत रु पाँच करोड ४६ लाख ६१ हजार प्रदान गरिएको छ ।

करार उल्लङ्घनमा रु ११ लाख, मृत्यु भएकाका परिवारलाई रु २० करोड ३० करोड ४४ लाख क्षतिपूर्ति प्रदान गरिएको छ । त्यसमध्ये महिला चार जना र पुरुष १२४ का परिवारलाई क्षतिपूर्ति प्रदान गरिएको उहाँले बताउनुभयो । दुर्घटनामा परेका ३९ महिला र ११० पुरुषलाई रु छ करोड १२ लाख ९८ हजार क्षतिपूर्ति प्रदान गरिएको रानाले बताउनुभयो । जेलमा परेकाको पनि उजुरी परे पनि परियोजनामार्फत उनीहरुको उद्धार भने गर्न नसकिएको उहाँले बताउनुभयो । उहाँका अनुसार परियोजनामार्फत २९ जनालाई उद्धार गरी नेपाल फर्काइएको छ ।

तनहुँमा विसं २०७६ देखि यो परियोजना सञ्चालित छ । परियोजनामार्फत वैदेशिक रोजगारीबाट फर्किएका ५८३ महिला र ८३ पुरुषलाई मनोसामाजिक परामर्श प्रदान गरिएको छ ।

चालु आर्थिक वर्षमा व्यास नगरपालिकाका एक हजार ५५३, शुक्लागण्डकी नगरपालिकाका एक हजार ३२०, भानु नगरपालिकाका एक हजार १४४, भिमाद नगरपालिकाका ८३४, म्याग्दे गाउँपालिकाका ६८४ र देवघाट गाउँपालिकाका ३०८ जनाले परामर्श सेवा प्राप्त गरेको परियोजनाले जनाएको छ ।